# तराईको वन व्यवस्थापन पद्धति सामुदायिक कि साझेदारी ?

■ भोला भट्टराई

नेपालको वन क्षेत्रको उचित र दिगो व्यवस्थापनको लागि वन ऐन २०४९ र वन नियमावली २०५१ ले विभिन्न व्यवस्थापन प्रणालीको बारेमा उल्लेख गरेका छन् । वन ऐनको दफा ३० ले राष्ट्रिय वनको कुनै पनि भाग व्यवस्थापन गर्नको लागि सामुदायिक वन (सा.व.) लाई पहिलो प्राथमिकता प्रदान गरेको छ । कानुनीरुपमा प्राथमिकता प्राप्त वन व्यवस्थापन प्रणालीलाई वेवास्ता गर्दै विकल्प स्वरुप अहिले तराईको वन व्यवस्थापन गर्ने विभिन्न अवधारणा तथा संरचनाहरु निर्माण पनि हुन थालेका छन् । यस लेखमा तराईको वन व्यवस्थापनको लागि सा.व. कि साझेदारी वन भन्ने विषयमा आफ्ना विचारहरु प्रस्तुत गर्ने जमर्को गरिएको छ ।

परम्परागत रुपमा स्थानीय उपभोक्ताले आफूलाई चाहिने वन पैदावार आफू खुसी प्राप्त गर्न सक्दथ्यो । यसैगरी सा.व. कार्यक्रमले परम्परागत पद्धतिमा केही परिमार्जन गरी उपभोक्ताको निर्णायक सहभागितामा जोड दिदै लाभांशको उचित व्यवस्थापन गर्न समेत कानुनी आधार प्राप्त गर्न सफल भयो । यद्यपि, हाल प्रयोगात्मक रुपमा भनी ल्याइएको साझेदारी वन व्यवस्थापन रणनीतिले भने जनसहभागिताको पक्षलाई चुनौती दिंदै "स्थानीय उपभोक्ता" लाई 'वन हेरालो' को दर्जामा राख्ने प्रयास गरेको छ । वनको साझेदारी व्यवस्थापन दिग्दर्शनको परिच्छेद-६ को दफा १२, १३, १४ र १५ मा उल्लेखित विषयले के स्पष्ट पार्छ भने लाभको बाँडफाँटको निर्णय गर्ने अधिकार उपभोक्ता स्तरमा रहने छैन । वन पैदावारबाट आम्दानी भएको रकम मध्ये ७५% रकम वन विभागलाई र बाँकी २५% स्थानीय समितिको कोषमा रहने प्रावधान छ । स्थानीय उपभोक्ताको स्तरमा त अझ ५% आम्दानी मात्र उपलब्ध गराइने प्रावधानले स्थानीय उपभोक्तालाई सोबाट फाइदा पुग्ने देखिंदैन ।

## सा.व. र साझेदारी वन बीचका प्रमुख भिन्नता

विश्वका विभिन्न मुलुकहरुले नेपालको सा.व. कार्यक्रमलाई अनुसरण गरिरहेको बेला नेपालको वन व्यवस्थापन गर्ने कार्यमा भिन्दै प्रणालीको प्रयोग गर्न खोज्नु सा.व. कार्यक्रमको सफलता प्रति सोझै विरोध गर्नु हो । सन् २००२ मा भएको विश्व शिखर सम्मेलनले समेत एशियाको सर्न्दभमा समुदायमा आधारित वन व्यवस्थापनले मात्र वन व्यवस्थापनमा सुशासन कायम गराउन सक्ने कुरालाई निर्दिष्ट गरेको छ । दक्षिण अफ्रिकाको जोहानेसवर्गमा सम्पन्न सो सम्मेलनको प्रतिवद्धता पत्रमा भनिएको छ । ***"... हाम्रो दृष्टिमा समुदायमा आधारित वन व्यवस्थापनले समुदायको वनमाथिको पहुँच र नियन्त्रण बढाउन, निर्णय क्षमतामा वृद्धि गर्ने र लाभांस बाँडफाँटलाई सुनिश्चित गर्न मद्दत पुर्‍याउँछ"*** ।

वन स्रोतमाथि स्थानीय उपभोक्ताको पहुँच र नियन्त्रण बढाउन तथा उपभोक्ताको निर्णय क्षमता बढाउने काम समेतमा सा.व. ले खेलेको भूमिका उत्साहजनक भएको बखत साझेदारी वन प्रणालीको चर्चाले वन संरक्षण गरिरहेका उपभोक्ताहरुमा निराशा आएको छ । स्थानीय स्तरदेखि नै हुने प्रजातान्त्रिक अभ्यासले समुदायस्तरमा सुशासनको अनुभूति दिलाउन सा.व. कार्यक्रम सफल भएको बेला साझेदारी वन कार्यक्रमले कुशासनको बीउ रोप्ने संकेत देखिएको छ । किनकी साझेदारी वन कार्यक्रममा अधिकारवाला पक्ष अधिकारबाट वञ्चित हुनुको साथै उनीहरुको भूमिका समेत निर्णायक हुँदैन ।

सा.व. र साझेदारी वन व्यवस्थापन प्रणाली बीचको अवधारणा, प्रकृया र अधिकार उपयोगकाबारे तुलनतात्मक अध्ययन तथा विश्लेषणको आधारमा यी दुई पद्धतिको सारभूत भिन्नता निम्नानुसार रहेको पाइन्छ :

| **सामुदायिक वन** | | | **साझेदारी वन** | | |
|---|---|---|---|---|---|
| अवधारणा | प्रकृया | अधिकारको उपयोग | अवधारणा | प्रकृया | अधिकारको उपयोग |
| वन व्यवस्थापक भनेको स्थानीय उपभोक्ता हुन । | - उपभोक्ता समूहमा शशक्तिकरण<br>- निर्णायक जनसहभागिता हुन्छ ।<br>- जिल्ला वन कार्यालयले सहजीकरणको भूमिका निर्वाह गर्नेछ । | - स्रोतमाथि उपभोक्ताको पूर्ण अधिकार हुन्छ ।<br>- दलित, विपन्न, पछाडि पारिएका वर्गले समेत समान अधिकार उपयोग गर्न पाउँछन् ।<br>- वनबाट प्राप्त कोषको १००% नै उपभोक्ता समूहको हुन्छ । | वनको व्यवस्थापक साझेदार निकायहरु हुनेछन् । सीमित वर्गको मात्र प्रति-निधित्वमा बन्ने समितिले निर्णायक भूमिका खेल्छ । | - साझेदारी वन उप-समितिहरु वन व्यवस्थापन प्रक्रियाका कार्यकारी निकाय हुने ।<br>- स्थानीय उपभोक्ताको सहभागिता वनमा लागेको आगो निभाउने, चोरी, तस्करी रोक्ने, हेरालुको काम गर्ने हुन्छ । | - वनमाथिको अधिकार उपभोक्तामा रहदैन । साझेदारी वन उपसमिति, वनको साझेदारी व्यवस्थापन समिति, जिल्ला वन समन्वय समिति जस्ता निकायहरुले वन माथिको अधिकार जमाउने छन् ।<br>- वनबाट प्राप्त कोषको ७५% रकम वन विभागमा र बाँकी २५% रकम स्थानीय समितिको कोषमा जाने कुरा उल्लेख छ । यद्यपि उपभोक्ताको जीवनस्तर सम्म यो रकमले केही टेवा पुऱ्याउने संभावना छैन ।<br>- यो कार्यक्रमले वर्गीय असमानताको खाडललाई झन ठूलो बनाउने छ । वास्तविक अधिकारवाला पक्ष अधिकारबाट वञ्चित हुनेछन् । |

तराई, भित्री मधेश र चुरे क्षेत्रको वन व्यवस्थापनको लागि सरकारद्वारा व्यवस्थित वन पद्धतिलाई उच्च प्राथमिकता दिन सरकारी स्तरबाटै कैयौं असफल प्रयासहरु भए । यी असफल प्रयासहरु नै अहिले वन व्यवस्थापनको क्षेत्रमा सबैभन्दा विवादास्पद विषयहरु रहेका छन् । उदाहरणको लागि सरकारद्वारा व्यवस्थित वन सम्बन्धी कानुनलाई कार्यान्वयन गर्ने नाममा बनाईएका त्रुटीपूर्ण वन व्यवस्थापन कार्ययोजना (Operational forest managemt plane- OFMP) हरु स्थानीय जनसमुदायको विरोधको कारण कार्यान्वयन हुन नसकेको तथ्य सबैको सामु छर्लङ्ग नै छ । अहिले पुनः तराईको वन व्यवस्थापनको लागि सोही ओ.एफ.एम.पी. (OFMP) लाई साझेदारी वन व्यवस्थापन योजनाको नाममा ल्याइने वन व्यवस्थापन प्रणालीले स्थानीय समुदायको चाहना अनुसार काम गर्ने भन्दा पनि माथि केही व्यक्ति विशेषको दवावमा परी आउनु दुर्भाग्यपूर्ण छ ।

समुदायको आर्थिक तथा सामाजिक अवस्था सुधारको लागि उनीहरु कै निर्णायक सहभागिता हुनु जरुरी छ । निर्णायक सहभागिताको लागि सम्भाविय स्वरुप भनेको सा.व. कार्यक्रम मात्रै हुन सक्छ । जहाँ वनका उपभोगकर्ताले आफूलाई वन्य स्रोतको सही हकदार हुँ भन्ने सोंच विकास गरेको हुन्छ । परम्परागत रुपमा वन उपभोग गर्दै आएका दक्षिणी भेगका उपभोक्तालाई समेत समावेश गरी प्रक्रियागत रुपमा वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गरेमा सा.व. कार्यक्रम प्रभावकारी बन्ने कुरामा दुईमत छैन । यद्यपि, उपभोक्तालाई कानुनी हक र अधिकार तथा काम र कर्तव्यको

बारेमा बोध नगराईकन समूह बनाईएको अवस्थामा मात्र सा.व. कार्यक्रम माथि प्रश्न चिन्ह लाग्न सक्ने छ । तराईका दक्षिणी भेगका उपभोक्तालाई समूहमा समावेश गर्ने बारेमा उपभोक्ताहरुबाटै विकल्पको प्रस्ताव गर्न सकिने छ । नवलपरासी जिल्ला दिव्यपुरी गा.वि.स. स्थित अमर सा.व. ले यस कुराको पुष्टि गरेको छ । जहाँ दक्षिण भेगका केही थारु घरपरिवारहरु सो सा.व. मा उपभोक्ता भई संरक्षण तथा सदुपयोगमा सहभागी हुँदै आइरहेका छन् । तराईका कतिपय सा.व. उपभोक्ता समूहले सफलताको उदाहरण प्रस्तुत गरिसकेको अवस्थामा साझेदारी नामको विकल्पले उपभोक्तालाई उनीहरुको अधिकारबाट वञ्चित गराउँदै छ । समुदायको विकासको लागि श्री ५ को सरकारले निर्णायक भूमिका निर्वाह गर्ने नभई सहजीकरणको भूमिकामा प्रस्तुत हुनुपर्ने कुरा राज्यले अङ्गीकार गरेको नीतिले स्पष्ट पारेको छ । तराई, चुरे तथा शिवालिक क्षेत्रको वन विनाशको अवस्थालाई सही व्यवस्थापन गर्न श्री ५ को सरकारले स्थानीय समुदायलाई बढी उत्तरदायी बन्ने काममा सहयोग पुऱ्याउनु पर्नेछ । नेपाली जनतालाई सहयोग गर्ने नाममा आउने विदेशी आयोजना तथा गैह्र सरकारी संस्थाले पनि यस विषयलाई गम्भिरतापूर्वक विचार पुऱ्याउनु पर्छ । अन्यथा स्थानीय समुदायले वैज्ञानिक वन व्यवस्थापन कार्यक्रम ओ.एफ.एम.पी. लाई अस्वीकृत गरे झैं वनको साझेदारी व्यवस्थापन योजनालाई पनि असहयोग गर्ने छन् ।

तराईको वन क्षेत्रले राष्ट्रिय आवश्यकता समेत पूर्ति गर्नुपर्ने हुन्छ । तराई, चुरे तथा भित्रि मधेसको ६०% वन क्षेत्र राष्ट्रिय वन भएकोले यसको दिगो व्यवस्थापनमा ध्यान पुऱ्याउनु नै पर्ने हुन्छ । काठ, दाउराको राष्ट्रिय आवश्यकता पूर्ति गर्ने कार्यको लागि स्वंय वन उपभोक्ताहरुद्वारा उचित संयन्त्र निर्माण गर्न सक्नेछन् । साथै लाभको बाँडफाँटमा समेत उपभोक्ताहरुले सही सोंच र संयन्त्र तयार गरी कार्यान्वयन गर्नेछन् । श्री ५ को सरकारले उपभोक्ताद्वारा नै स्थापना भएको सा.व.उपभोक्ता महासंघ, नेपाललाई उक्त कार्यको जिम्मेवारी वहन गर्न कानुनी व्यवस्था गर्न सकेमा झन् प्रभावकारी हुनेछ ।

**साझेदारी वन व्यवस्थापनले खडा गरेका केही सवालहरु**

साझेदारी वन व्यवस्थापनको अवधारणाले देहायका सवालहरु खडा गरेको छ :

- वन विकास गुरुयोजना २०४५ ले नेपालको वन व्यवस्थापन सम्बन्धमा तय गरेको आधारहरुलाई समेत यस कार्यक्रमले अङ्गीकार गर्न सक्ने अवस्था देखिदैन । यसका साथै वन ऐन २०४९ अनुसार सा.व. प्राथमिकता प्राप्त कार्यक्रम हो । स्थानीय समुदायले मागे जति र व्यवस्थापन गर्न सक्ने जति वन क्षेत्र समुदायले प्राप्त गर्न सक्ने अधिकारलाई यसले सुरक्षित गर्न सक्छ ?
- वन ऐन २०४९ अनुसार बनेका सामुदायिक वनहरुबाट प्राप्त आम्दानीको १००% समूहको नियन्त्रणमा रहन्छ, जबकि साझेदारी वन व्यवस्थापनले आम्दानीलाई साझेदारहरु बीच बाँडफाँट गर्ने कार्य गर्छ । यसले कोषको सही उपयोग हुनुको सट्टा झन् भ्रष्टाचारलाई प्रश्रय दिने संभावना हुन्छ ।
- सरकारद्वारा व्यवस्थित वनको वर्तमान दुर्दशाले साबित गरिदिएको छ कि समुदायको निर्णायक सहभागिता बिना वन संरक्षण तथा दीगो व्यवस्थापन संभव छैन । साझेदारी वन, सरकारद्वारा व्यवस्थित वन कै भाग भएको तथा साझेदार निकायहरुको बीच कर्तव्यको भन्दा अवसर र भागवण्डाको लडाइ हुने भएकोले यो पद्धतिले वन विनाशको दर घटाउनुको सट्टा वृद्धि गर्नेछ ।
- विकेन्द्रीकरणको सिद्धान्तलाई साझेदारी वन व्यवस्थापनको अवधारणाले चुनौती दिएको छ । निर्णय गर्ने तहसम्म उपभोक्ताको पहुँच पुग्न यो कार्यक्रम मार्फत संभब हुने देखिदैन । स्थानीय समुदायलाई संरक्षणमा मात्र संलग्न गराई लाभको बाँडफाँटमा अंकुश लगाउने प्रयास हुँदैछ ।

- साझेदारहरुको संलग्नताले मुख्य गरेर लाभांशको बाँडफाँटमा मात्र भूमिका खेल्ने देखिन्छ । साझेदारी वन व्यवस्थापनका साझेदार निकायहरु (विभिन्न समिति, उप-समिति, एकाइ) ले वन व्यवस्थापनमा समान भूमिका नै निर्वाह गर्नेछन् भन्ने कुरा अनुमानसम्म पनि गर्न मिल्दैन । जसको कारण साझेदारीहरु बीच समन्वयको अभाव सिर्जना हुन पुग्ने र फलस्वरुपः कार्यक्रम असफल हुन सक्ने देखिन्छ ।
- स्थानीय निकायको संलग्नता योजना तर्जुमा र अनुगमनमा मात्र हुनुपर्छ । सा.व. कार्यक्रममा स्थानीय निकायले सहयोग पुऱ्याउँदै आएका छन् । योजना निर्माण, विवाद व्यवस्थापन तथा अनुगमनको भूमिका निर्वाह गर्ने स्थानीय निकायलाई वन व्यवस्थापनको कार्यान्वयन तहमा उतार्नाले राजनैतिक हस्तक्षेप (Poltical interference) को सम्भावना बढ्नेछ ।
- साझेदारी वन व्यवस्थापन प्रणाली कार्यान्वयनको लागि जिल्ला तहमा जिल्ला वन समन्वय समिति (जि.व.स.स.) निर्माण हुनेछ । यो समिति समन्वयकारी भूमिकाको लागि हुनुपर्ने हो । तर निर्णायक र कार्यान्वयनको हिसाबले जि.व.स.स. निर्माण हुनु वन क्षेत्र माथि हैकमवादीपनको पुनः जन्म गराउनु हो भन्ने कुरा देखिन्छ ।

यस अवधारणामा स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १९० अन्तर्गत जि.व.स.स. बनाई सोही मार्फत योजना पारित गराउने किसिमले निर्देशिका तयार पारिएको छ । यद्यपि सो दफाले समन्वय समिति बनाउने व्यवस्था नगरी विभिन्न विषयका उप-समिति बनाउने व्यवस्था मात्र गरेको छ । त्यसैले यो व्यवस्था विद्यमान कानुनसँग बाझिएको छ ।

**निष्कर्ष**

साझेदारी वन व्यवस्थापन "सरकारद्वारा व्यवस्थित वनको पारिस्थितिकीय सन्तुलन (Ecological balance) कायम राखी जीविकोपार्जन एवं आर्थिक लगायतका बहुउद्देश्यीय फाइदा प्राप्तिको लागि स्थानीय समुदायसँग साझेदारी रुपमा गरिने वन व्यवस्थापनलाई जनाउने कुरा वनको साझेदारी व्यवस्थापन दिग्दर्शनमा उल्लेख गरिएको छ । यद्यपि सरकारद्वारा व्यवस्थित वनको वर्तमान अवस्थालाई हेर्दा यो कार्यक्रमको सफलता प्रति प्रश्न चिन्ह लगाउन सकिने प्रशस्त आधारहरु छन् । साझेदारी वन व्यवस्थापनको अर्को पक्ष के पनि छ भने वन व्यवस्थापनको लागि जिल्ला वन अधिकृत (वन प्रशासन) ले नै जिल्ला स्तरको वन व्यवस्थापन कार्ययोजना बनाउने छन् । यसबाट के देखिन्छ भने वन उपभोक्ताहरुको भूमिका डढेलो निभाउने, चरिचरण तथा चोरी निकासी नियन्त्रण गर्नुपर्ने, श्रम लगाउनु पर्नेमा मात्र सीमित रहन्छ ।

"नमुना" को रुपमा ल्याइएको साझेदारी वन व्यवस्थापनले स्थानीय समुदायको अधिकारलाई कुण्ठित गर्नेछ भने वन व्यवस्थापनका प्रयत्क्ष अधिकारवाला उपभोक्तालाई संरक्षण कार्यमा मात्र लगाइनेछ । लाभको बाँडफाँटको नाममा उपभोक्तालाई लाभको न्यून प्रतिशत मात्र दिने संयन्त्र निर्माण हुन खोज्दैछ । सा.व. उपभोक्ता समूह र स्थानीय निकायहरु बीच फूट ल्याउने र आफ्नो कुत्सित अभिलाषा पूरा गर्न फुटाउ र शासन गर (Divide and rule) सोंचका साथ ल्याइएको साझेदारी वन व्यवस्थापनका विरुद्ध तराई, चुरे तथा भित्री मधेस क्षेत्रका वन उपभोक्ताहरु सङ्गठित भई सा.व. कार्यक्रमको पक्षमा ऐक्यवद्धता प्रस्तुत गर्ने बेला भएको छ ।

तराईको वनको दिगो व्यवस्थापनको लागि सा.व. को कानुनी व्यवस्था तथा विकेन्द्रीकरणको मर्म अनुसार सामुदायिक सम्पत्तिको रुपमा रहेको वन क्षेत्रलाई उपभोक्तामा हस्तान्तरण गरी सा.व. को रुपमा व्यवस्थापन गर्न स्थानीय समुदायलाई हस्तान्तरण गर्नुपर्ने छ । यस अभियानको लागि वन क्षेत्र सम्बद्ध सम्पूर्ण सरोकारवाला पक्षहरुको बीच एक आवाज हुनुपर्ने देखिन्छ ।

(लेखक सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल राष्ट्रिय कार्य समितिको सचिव हुनुहुन्छ ।)